हरेक खबर, विशेष खबर



जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

मो. ९८०५९६१००६

जे.डी.

स्टेशनरी एण्ड स्पोर्ट्स सेन्टर

लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १६५ पृष्ठ : ४ २०७७ माघ ०३ गते शनिबार (Saturday 16 January 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

### एकै दिन सामुदायिक भवनको शिल्यानास

# प्रम बन्न जनताबाट आउनका लागि चुनाव घोषणा :कानूनमन्त्री श्रेष्ठ

**बद्री नारायण यादव**





सिरहा । कानून, न्याय तथा संसदिय मामिला मन्त्री लिलानाथ श्रेष्ठले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले दिगो र प्रभावकारी कामबाट तिरमिराएकाहरू चोरबाटो प्रयोग गरेर स्वार्थ पुरा गर्न प्रयास गर्दा जनताबाट चुनिएर आउनका लागि संसद विघटन भई चुनावको घोषणा भएको बताए ।

सिरहा नगरपालिका-१६ माडरस्थित सामुदायिक भवन शिल्यानास समारोहमा बोल्दै त्यस्तो कुरा बताएका हुन् । जनताको अत्यधिक मत प्राप्त गरेर प्रधानमन्त्री बनेका ओलीलाई काम गर्न दिई पार्टीका केही नेताले आफ्नो स्वार्थ पूर्तिका लागि सरकारले लिएको लक्ष्यलाई प्रभावित पार्न बाधा र व्यवधान खडा गर्न खोज्दा ताजा जनादेशका लागि चुनवाको घोषणाको बिकल्प नभएको उनले तर्क गरे ।

'कुनै कार्य पुरा हुनका लागि एक विधि प्रक्रिया भए जस्तै प्रधानमन्त्री बन्नका लागि पनि एक विधि प्रक्रिया छ,'उनले भने,'तर, नेकपाभित्रैका केही नेताहरूले त्यो विधि प्रक्रिया बिनै प्रधानमन्त्री बन्न खोज्यो । आफ्नो निजि स्वार्थ पूतिका लागि सरकारको काम अवरूद्ध गर्नुका साथै पार्टी अध्यक्ष तथा प्रधानमन्त्री ओली विरूद्ध अविश्वासको प्रस्ताव र राष्ट्रपति विरूद्ध महाअभियोगको अघि सार्‍यो । देशलाई अनिर्णयको बन्दी बनाउन खोजियो ।'

संविधान र जनता भन्दा माथि कसैले जान नमिल्ने कानूनमन्त्री श्रेष्ठले प्रष्ट पार्दै भने,'विधि र प्रक्रियालाई टेकेर प्रधानमन्त्री ओलीले संसद विघटन गरी चुनावको घोषणा गरेको कुरालाई लिएर अदालत गुहारिएको छ । अदालतबाट आउन निर्णयलाई सबैले स्वीकार्नुपर्छ ।' स्थायी सरकार नहुँदा देशमा राम्रोसँग विकासका कामहरू नभएको विगत साक्षी रहेको उनले तर्क गरे ।

अरू पार्टी, सरकार र शासन पद्धतिबाट आजित भएका जनताले ओली नेतृत्वको नेकपालाई विश्वास गरेर देश विकासका लागि जनताले जनादेश दिएको कानूनमन्त्री श्रेष्ठले दाबी गर्दै जनादेश अनुरूप ओली नेतृत्वको सरकारले सबैभन्दा फरक तरिकाबाट देशको विकास तथा अन्तराष्ट्रिय सम्बन्धलाई विस्तारको प्रयास गरेको बताए ।

तराई मधेश समृद्धि कार्यक्रम, सुरक्षित आवस कार्यक्रम, व्यवस्थित नमूना विद्यालय निर्माण, स्वास्थ्य

बाँकी २ पेजमा

# लहानको शहरी क्षेत्रमा पर्ने नहरको स्तरोन्नति कार्य शुरु





**फिरोज शेख**

लहान नगरपालिकाले "हाम्रो लहान समृद्ध लहान" मूल मन्त्रलाई दृष्टिगत गर्दै सडक, कृषि , शिक्षा र स्वास्थ्य क्षेत्रमा विभिन्न योजनाहरू अगाडी बढाई रहेको क्रममा लहानको शहरी क्षेत्रमा पर्ने नहरको पनि स्तरोन्नति गर्ने कार्य शुरू गरेका छन्।लहान नगरपालिकाको शहरी क्षेत्र अन्तर्गत पर्ने वडा न. ७, ६ र १० मा रहेका पुरानो नहर लाई स्तरोन्नति गर्ने कार्यको एक कार्यक्रमका बीच लहान नगरप्रमुख मुनि साहले शिलान्यास गर्नु भएको छ। करिब ४ दशक देखि जिर्ण र कृप अवस्थामा रहेको उक्त नहरलाई पहिलो चरणमा लहान १० मा अवस्थित शिव मन्दिर देखि ५० मिटर दक्षिण देखि लहान ७ मा निर्माधीन घण्टा घर सम्म स्तरोन्नति गर्न लागिएको नगरप्रमुख साहले बताउनु भयो। नेपालमै फतेपुर पछिको दोस्रो नहरको रूपमा स्थायित यो नहर कालन्तरमा आएको खुट्टी खोलाको बाढीले बाध भत्काउद जिर्ण अवस्थामा पुगी अहिले नालामा परिणत भएको जानकारी गराउनु हुँदै २०५४ सालमा आफु निर्वाचित हुँदा नहरको स्तरोन्नति गर्ने चाहना हुँदाहुँदै पनि सिमित बजेटका कारण केहि गर्न

बाँकी ४ पेजमा

## बगैंचा सहितको जग्गा बिक्रीमा

लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, ७ फिट भन्दा अग्लो टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।

सम्पर्क नम्बर : ०३३-५६०२१९

मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०






## फ्रेन्डस मोडेल हसिपटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरू**

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरू**

बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव

मधुमेह, प्रेसर डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# जसपामा वरियता विवाद : 'पार्टीमा बस्नु छ भने बस बढी बोले पार्टीबाट हटाउँछु'

जनता समाजवादी पार्टी (जसपा) मा वरियताका विषयमा उठेको विवाद गम्भीर रूप लिएको छ । अध्यक्षले कार्यकर्ता र कार्यकर्ताले पार्टीबाटै भगाइ दिने चेतावनीसम्मको अवस्थामा विवाद पुगेको छ ।

वरियताको विषयमा पार्टी अध्यक्ष उपेन्द्र यादव र सिरहाका नेता राजाराम यादवबीच भएको विवाद टेलिफोन सम्वाद सामाजिक सञ्जालमा भाइरल भइरहेको छ । माघ ३ गते शनिवार सिरहामा प्रधानमन्त्री केपी शर्मा ओली विरुद्ध जसपा आयोजना गर्न लागेको विरोध सभाको अतिथि सूचीको वरियतामा राजकिशोर यादवको नाम तल राखेपछि विवाद उत्पन्न भएको हो ।

राजकिशोरलाइ उनकै गृह जिल्लामा चौँथो स्थानमा राखिएपछि उनका समर्थकहरु विरोधमा उत्रेका हुन । राजकिशोर यादव तत्कालिन राजपा नेपालमा ६ वटा अध्यक्ष मध्येका एक हुन । राजपा र समाजवादी पार्टी एकिकरणपछि जसपामा उनी कार्यकारिणी सदस्य हुन ।

जसपा सिरहाका नेता राजाराम यादवले फोनमार्फत असन्तुष्टि व्यक्त गर्दा अध्यक्ष यादवले पार्टीमा बस्नु छ भने बस बढी बोलिस भने पार्टीबाट हटाइ दिने धम्की दिएपछि उनले पनि तपाईलाई पार्टीबाट भगाई दिने चेतावनी दिएका छन् ।

विवाद यहांसम्म पुगेको छ कि शनिवार हुने विरोध सभालाई राजकिशोर समुहले कालो झण्डा देखाउने र कार्यक्रमसमेत बिथोल्ने भएका छन् । मैथिली भाषामा गरिएको सो फोन कलमा अध्यक्ष यादवलाई राजारामले वरियताक्रम नसच्याइए कालो झन्डा देखाँउछौं, कार्यक्रम बहिष्कार र बिथोल्ने चेतावनी दिएका छन् ।


फोनकलमा वरियताक्रम मिचेर मधेश आन्दोलनको मर्म र असली कार्यकर्तालाई अपमानित गर्न खोजिएको आरोप लगाएका छन् । टेलिफोन सम्वादमा अध्यक्ष यादवले राजकिशोर यादवलाई केपी ओलीको कार्यक्रममा सहभागी भएको आरोप लगाउँदै हुन राजारामलाई मात्र होइन राजकिशोरसमेतलाई पार्टी छोडेर भाग्नून चेतावनी दिएका छन् ।

जसपा अध्यक्ष उपेन्द्र यादवले पूर्व राजपा पक्षलाई पेल्दै कार्यक्रममा वरियता मिच्नून थालेपछि कार्यक्रम विवादित बनेको स्थानीय नेता कार्यकर्ताहरूको आरोप छ । पार्टी वरियता क्रममा राजकिशोरभन्दा तल रहेका रेणु यादव, प्रकाश अधिकारी, विजय यादव माथि राखएको छ । तर राजकिशोर उनकै जिल्लामा हेप्नने कार्य गरिएको असन्तुष्ट पक्षको आरोप छ ।

सिरहामा हुन लागेको सो बिरोधसभामा पहिलो वरियतामा रेणु यादवलाई राखिएको छ भने दोस्रोमा प्रकाश अधिकारी र तेस्रोमा विजय यादवलाई राखिएको हो । त्यसपछि मात्रै चौथो नम्बरमा नेता राजकिशोर यादवलाई राखिएको हो । माथि वरियतामा राखिएका तीनै जना अध्यक्ष उपेन्द्र यादव पक्षधर हुन् ।

# के फरक छ मन्त्रिपरिषदको निर्णय र प्रधानमन्त्रीको सिफारिसमा ? (पत्रसहित)

मन्त्रिपरिषदको निर्णय | प्रधानमन्त्रीको सिफारिस


प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

काठमाडौं, नेपाल

प्रधानमन्त्री

पुस ५, २०७७

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतलनिवास, काठमाडौं।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/९/५ को बैठकबाट देहायबमोजिम निर्णय भएकोले नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ एवं संसदीय प्रणालीको आधारभूत मर्म,एवं मूल्य मान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरूको अभ्यासबमोजिम सङ्घीय संसदको वर्तमान प्रतिनिधिसभा विघटन गरी ताजा जनादेशका लागि नेपाली जनतासमक्ष जान मिति २०७८ साल वैशाख १७ गते शुक्रबार पहिलो चरणमा र मिति २०७८ साल वैशाख २७ गते सोमबार दोस्रो चरणमा अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकन सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्दछु।

१. सम्माननीय राष्ट्रपतिज्यूबाट प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेताको हैसियतमा म मिति २०७४/११/३ मा प्रधानमन्त्री पदमा नियुक्त भएपछि मेरो अध्यक्षतामा गठन भएको मन्त्रिपरिषद्ले "समृद्ध नेपाल, सुखी नेपाली"को राष्ट्रिय आकाङ्क्षा हासिल गर्ने अठोटका साथ देश र जनताको बृहत्तर हितमा दृढतापूर्वक कार्य गर्दै आएको छ।

संवैधानिक इजलासमा प्रतिनिधिसभा विघटन सम्बन्धी मन्त्रिपरिषदको सैद्धान्तिक निर्णय र प्रधानमन्त्रीले सो निर्णयमा टेकेर राष्ट्रपतिसमक्ष गरेको सिफारिसलाई पुनः चर्चामा ल्याइएको छ ।

संवैधानिक इजलासको शुक्रवारको बहसमा बरिष्ठ अधिवक्ता रमण श्रेष्ठले प्रधानमन्त्री कार्यालयले सक्कल फाइल लगेको र त्यसमा प्रतिनिधिसभा विघटनको संवैधानिक आधार नखुलाइएको जिकिर गरेका थिए ।

त्यस लगत्तै सर्वोच्चबाटै निकालिएको मन्त्रिपरिषदको निर्णयको फोटोकपी बाहिरिएको थियो । मुख्य सचिव शंकर बैरागीले प्रमाणित गरेको मन्त्रिपरिषदको निर्णय राष्ट्रपति कार्यालयका सचिवमार्फत दर्ता भएको थियो, जसमा संविधानको धारा उल्लेख छैन ।

तर राष्ट्रपति समक्ष सोही निर्णयका आधारमा प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटनका लागि गरेको सिफारिसमा भने प्रष्ट रूपमा संविधानको धारा ७६ को उपधारा १ र ७ तथा धारा ८५ उल्लेख गरिएको छ ।

संविधानको धारा नटेकी प्रधानमन्त्रीले गरेको सिफारिसमा राष्ट्रपतिले संविधानको धारा उल्लेख गरेर सदर गरेको भन्दै विपक्षी वकिलहरूले आपत्ति जनाएका थिए । तर प्रधानमन्त्रीले राष्ट्रपति समक्ष गरेको सिफारिसमा संविधानको धारा उल्लेख भएको र सोही अनुसार प्रतिनिधिसभा विघटन भएको राष्ट्रपति कार्यालयले जनाएको छ । राष्ट्रपतिका राजनीतिक मामिला विज्ञ टीका ढकालले प्रधानमन्त्रीको सिफारिस र मन्त्रिपरिषदको निर्णय फरक कुरा भएको बताए । उनले मन्त्रिपरिषदका निर्णय संविधान बमोजिमनै मुख्य सचिवमार्फत राष्ट्रपति कार्यालयमा दर्ता हुने बताए । ढकालले नेपालप्रेससँग भने- मन्त्रिपरिषदको निर्णयहरू संवैधानिन व्यवस्था अनुसारनै मुख्य सचिव मार्फत बेला(बेलामा आउछन् ।

तर प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटनको सिफारिस आफैंले हस्ताक्षर गरेर राष्ट्रपतिलाई दिने हो । प्रतिनिधिसभा विघटनको निर्णयमा सबै प्रक्रिया पूरा भएको छ, राष्ट्रपति कार्यालयबाट थपिएको भन्ने कुरा गलत हो । प्रधानमन्त्रीको सिफारिस सबैले हेर्न सक्नुहुन्छ । मन्त्रिपरिषदले प्रतिनिधिसभा विघटनको सैद्धान्तिक सहमति दिएको र सो निर्णयमा सैद्धान्तिक कारणहरू खुलाइएको थियो । सोही निर्णय सहित प्रधानमन्त्रीले संविधानका धारा र अन्तर्राष्ट्रिय तथा नेपाल आफ्नै संसदीय अभ्यासको आधारमा प्रतिनिधिसभा विघटनको सिफारिस गरेको पत्रमा प्रष्ट उल्लेख छ ।

ढकालले भने-मुख्य सचिवले हस्ताक्षर गरेको पत्र मन्त्रिपरिषदको निर्णय हो, सिफारिस होइन । प्रधानमन्त्रीले हस्ताक्षर गरेको पत्रनै प्रतिनिधिसभा विघटनको सिफारिस हो र त्यसकै आधारमा राष्ट्रपतिबाट विघटन भएको हो । यसमा अन्योल हुनुपर्ने वा विवाद गर्नुपर्ने कुरा छैन ।

## प्रम बन्न ...

क्षेत्रमा अस्पतालहरूको स्तरोन्नति तथा नयाँ निर्माण, हुलाकी राजमार्ग निर्माण, मदन भण्डारी मध्य पहाडी राजमार्ग निर्माण, गौतम बुद्ध अन्तराष्ट्रिय बिमान स्थल निर्माण, पूर्व पश्चिम राजमार्गको स्तरोन्नति गरेर ४ र ६ लाइन बनाउने जस्ता दर्जनौं विकासका योजना ल्याएर देशको विकासमा गति ल्याउनुका साथै अन्तराष्ट्रिय सम्बन्धमा सुधार ल्याएको दाबी गर्दै उनले,'सरकारका यी कामहरू हेरेर तिरमिराएकाहरू आफ्नो स्वार्थ पुर्तिका लागि वेतुकको अवरोध सृजना गर्न प्रयास गऱ्यो ।'

सैकडौ वर्ष देखि चेपेर नेपाली भुमिमा भारतले राखेको सेनालाई हटाई जग्गा फिर्ता गर्न प्रयास गर्नुका साथै नयाँ नक्सा जारी गरेर कालापानी, लिम्पियाधुरा र लिपुलेक समावेश उनले भने,'पहिला पनि धेरै सरकार बन्यो तर त्यस्ता काम गर्न सकेन, किन ?' भारत र चीनसँग सुमधुर सम्बन्ध कामय गर्दै प्रधानमन्त्री ओलीले देश विकास तथा जनताको सुरक्षाका लागि दिगो लक्ष्यका साथ अगाडि बढेको उनले प्रष्ट पारे ।

अरू पार्टी र नेताको नेतृत्वका सरकार भन्दा फरक शैली अपनाएर दिगो महत्वका काम गर्दै अघि बढ्न प्रयास थाल्दा पार्टीभित्रैका केही स्वार्थी नेताहरू अतित्व संकटमा पर्न लागेको अनुभूति भएपछि सरकारको काममा अवरोध सृजना गर्नुका साथै ओलीलाई विस्थापित गर्न खोजेपछि बचाउको बिकल्पमा संसद विघटन र चुनावको घोषणा भएको उनले दाबी गरे ।

आउदो असारभित्र कमला देखि बलानसम्मको ३२ किलोमिटर हुलाकी कालोपत्र हुने उनको दाबी छ ।आउने दिन वर्षभित्र ठुला योजनाहरू समयमा सम्पन्न गर्नका लागि सरकारले विशेष ध्यान दिएको प्रभाव स्वरूप कमला र बलानमा पुल निर्माण कार्य पनि छिटै पुरा हुने उनको भनाई थियो । माडर भन्सारको स्तारोन्नति गरेर मुख्य नाका बनाउनका लागि आफुले प्रयास गरेर जग्गा खरिद गर्न ल्याएको बजेट केही कारणले फिर्ता भएको बताउदै उनले भने,'माडर भन्सारलाई नाका बनाउन प्रयास जारी राखेकोछु ।' कोरोना संक्रमण जेखिम न्यूनीकरण गर्न बन्द गरिएका नाकाहरू मध्ये मन्त्री परिषदको निर्णयबाट केही नाकाहरू विहेवारीको समयमा किनमेल गर्न खोल्न तयारी भएको सूचीमा माडर भन्सार पनि रहेको उनले थपे ।

पानीको अभावमा किसानले खेप्दै आएको समस्यालाई समाधान गर्न आफुले संसदिय पूर्वाधार विकास कार्यक्रमबाट सिचाईका लागि विषेश खाले सिचाईका योजनाहरू संचालन गर्दै आएको उनले बताए । सिचाई, शिक्षा, सडक र स्वास्थ्य तथा अन्य महत्वपूर्ण क्षेत्रका विकासका लागि आफुले समावेशी तवरले विकास गर्न बजेट विनियोजन गरेर तराई मधेश, पहाड र हिमालको विकासका कार्यहरू एकनासले अघि बढाइएको उनको दाबी छ । तराई मधेश समृद्धि कार्यक्रमको २५ लाख र सशर्त अनुदानको २५ लाख गरी ५० लाख बराबरको सामुदायिक भवन सिरहा नगरपालिका वडा नं२, १६ र १८ मा निर्माण हुने सिरहा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत बलिराम यादवले बताए । उनका अनुसार योसँगै नगरक्षेत्रभित्र अन्य सामुदायिक भवनहरू निर्माण हुनेछन् ।

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । शुभकार्यको चर्चा चल्नेछ । सांगीतिक क्षेत्रमा रूची बढ्नेछ । सामाजिक कार्यमा मन जानेछ ।

**वृष** :- आज महत्वपूर्ण अवसर गुम्न सक्छ । सौन्दर्यतामा र सौंकमा अधिक पैसा खर्च हुने योगछ, आफन्तको सल्लाह लिनु नै उचित हुनेछ ।

**मिथुन**:- चिताएको काममे तीव्रता लिनेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ ।

**कर्कट** :- आज आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समयछ ।

**सिंह**:- आज शुभ समाचार सुन्न पाइएला । प्यारोसाथी संग भेट हुनेछ । नयाँ कार्यको थालनी होला । राजनीतिक कार्यमा पनि सफलता मिल्नेछ ।

**कन्या** :- नयाँ कार्यको थालनी हुनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । महिला वा मित्रबाट सहयोग मिल्नेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ ।

**तुला** :- मित्रबाट सहयोग मिल्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । विशिष्ट व्यक्तिको सहयोग पाईनेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।

**वृश्चिक** :-इच्छा र आकाङ्क्षा पूर्ण होला । पठनपाठनमा प्रगति हुनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । दिनको उत्तरार्धमा केहि धनखर्च बढ्नेछ ।

**धनु** :- आज प्रतिष्ठित काम सुरु गर्ने मौका छ । पराक्रम र उत्साह बढ्नेछ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ । प्रतिस्पर्धी परास्त होलान् ।

**मकर**:- अरूको भर पर्दा धोका पाइनेछ । राजनैतिक कार्यमा बाधा आउनेछ । साना तिना समस्यामा अल्झिनुपर्ने हुन्छ । धनमाल राउन सक्छ ।

**कुम्भ**:- आकस्मिक धन लाभ हुनेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । मान प्रतिष्ठामा बृद्धि होला । मनोरञ्जनमा सहभागीता भइएला ।

**मिन** :- आज आँटेको र ताकेकोकार्य पुरा होला । कूटनीतिक नियोगको सहयोग मिल्नेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । प्रेम सम्बन्ध पनि ठिकै हुनेछ ।

# कथाः जेठीआमा




सबै त्यही मान्छेको छोराजस्तो कहाँ होलान् र ? हाम्रो छोरो रत्तिभर पनि आत्मकेन्द्रित छैन । अवश्य हाम्रो ख्याल राख्नेछ । हामीले उसलाई राम्रो संस्कार दिएका छौं, बुढा ।

गहुँगोरो वर्णकी जेठीआमा उमेरले जेठाबा भन्दा करिब तीन वर्षले जेठी छिन् । शान्त, सरल स्वभावका कारण गाउँमा उनलाई रूचाउने धेरै छन् । उनलाई दया, माया र करूणाको प्रतिमूर्ति भन्दा पनि अतिशयुक्ति नहोला । साधारण लेखपढ गर्न सक्ने, उनीसँग घर(व्यवहार चलाउने कुरामा जेठाबाले सधैं सल्लाह लिने गर्दथे । घर व्यवहार चलाउने क्रममा कहिलेकाहिँ कुराहरू बाभिmन गएमा आफ्ना कुराहरू प्रष्ट राखेर उनी ओभेmल हुन्थिन् । एक(दुई दिनपछि जेठीआमाले भनेकै कुरा लागू हुन्थ्यो ।

त्यसैले होला जेठाबाले जेठीआमालाई बुद्धिमान र लच्छिन कि छ मेरी जहान भन्ने गर्दथे । जेठाबाले जेठीआमाको प्रसंशा गर्न कन्जुस्याइँ गर्थेनन् पनि । दुवैको माया प्रेम औधी थियो । इस्ट(मित्र नातेदार र छिमेकीको पनि जेठीआमाप्रति उच्च सम्मान थियो ।

छोरा(बुहारीलाई विदेश पठाउन मन त जेठीआमाको पटक्कै थिएन तर जेठाबाको हठ र छोरा(बुहारीको इच्छाको अगाडि उनको केही जोर चलेन । छोरा(बुहारी विदेश गएपनि यता दिनहरू सबै राम्रै सुबिस्तासँग चलेको थियो । छोरा(बुहारीले विदेशबाट बेला(बेलामा फोन गरिरहन्थे । छोरा(बुहारीको विदेशबाट बा(आमालाई बोलाहट भएपछि उनको पनि खुसिको सीमा नै थिएन । झन् नाति जन्मिएको खबरले जेठीआमालाई पनि कतिखेर नातिलाई भेटौं भैं भइरहेको थियो। उनीहरूको पहिलो सन्तान, विदेशको ठाउँ, पहिलो अनुभव। कसरी नातिलाई हुर्काउलान भन्ने हुटहुटी उनमा थियो ।

बुढा(बुढीको भिसा लागेपछि छोरा(बुहारीलाई कोसेलीस्वरुप सुकाएको सिस्नाको साग, गुन्द्रुक, घरमा बनाएको घिउ र नातिको लागि तोरीको तेल आदि जम्मा गरेर दुवैजना विदेश गए । उहाँ पुगेपछि त्यही त हो ! छोरा बुहारी दिनभर काममा जान्थे । जेठाबा प्रायः डुल्न जान्थे । जेठीआमा भने दिनभर नाति हेरेर बस्थिन्। विदेशमा आफ्ना घर(परिवारको खुसीमा आफ्नो दिन चर्या यतिकै व्यतीत गरेकै थिइन् । बेलुका दिनभर जेठाबाले भेटेका, देखेका कुराहरू सुन्थिन र दङ्ग पर्थिन् । कहिलेकाही सबैजना बाहिर घुम्न जान्थे । विदेशी माहोल देखेर जेठीआमा पनि दङ्ग थिइन् । भेट भएका नेपालीहरूको तौरतरिका देखेर मनमनै 'नेपाली कुकुरको बेलायती भुकाइ' भनेको यही त होला नि भन्थिन् ।

तीन महिनाको बसाइ कति छिटो सकिएछ जेठीआमालाई पत्तै भएन । जेठाबा र जेठीआमासँगै स्वदेश फर्किए । फर्कने क्रममा ट्रान्जिटमा उनीहरूको एकजना नेपालीसँग भेट भयो । त्यो मान्छे निकै रोयो । सेतै कपाल पाकेको मान्छे रोएको देख्दा जेठाबाको मन सारै कुँडिएको थियो ।

०००

विदेशबाट फर्केको केही दिनमै गाउँमा एउटा सामान्य घटना घट्यो । सामान्य विषयमा छलफल हुँदै गर्दा जेठाबाको एकजना छिमेकीसँग भयंकर झगडा हुन पुग्यो । गफ गर्दै जाँदा जेठाबाले प्याच्च 'यो कुवाको भ्यागुतोलाई के थाहा ? कहिल्यै गाउँ छाडेर देश, विदेश गएको भए पो' भनिहाले । छिमेकीले पनि 'तिमीहरूका जोइपोइ थाङ्ने भिसामा विदेश गएम भनेर धेरै फूर्ती नलगाए हुन्छ' भनेर दरो जवाफ फर्कायो । त्यसपछि बुढाको बोल्ति बन्द भयो । साँच्चि नै बुढाको हियो खस्यो । विदेशमा रहुञ्जेल निकै खुसी भएका जेठाबा विदेशबाट फर्किएपछि अलि मलिन देखिन थालेका थिए । सायद ट्रान्जिटमा भेट भएको मान्छेको कुरा र छिमेकीको खप्कीले होला । आजकल जेठाबा कहिलेकाहीँ घरमा हुँदा टोलाउने गरेको जेठीआमाले महसुस गरेकी थिइन् । तपाईलाई के भयो भनेर जेठीआमाले सोध्दा बुढाले केही हैन भनेर टारिदिन्थे । छोरा बुहारीले विदेशबाट फोनमा बोल्न खोज्दा पनि खासै बोल्न खोज्थेनन् । एकदिन बुढाले बुढीलाई सोधे।

'ए साँच्ची बुढी, एउटा कुरा भन त, हामीले छोरा बुहारी विदेश पठाएर ठीक गरेम त ?'

'ठिकै त गरिए होला नी, अहिले आएर यस्ता कुरा गरेर साध्य लाग्छ र ? जे भयो सो भयो । बितेका कुरा सम्झेर दिमागमा धेरै जोर नलगाउनु ।'

'आज मेरो छोरो यहाँ भएको भएर केही गरेको भए त्यो नाथे छिमेकीले मलाई त्यसरी थर्काउन सक्थेन । अझ थाङ्ने भिसामा विदेश घुमेको रे (दाँत किट्दै) सम्झदा नि पारो तातेर आउँछ ।'

भविष्यको लागि अहिल्यै सम्झेर मन अमिलो बनाउनुभन्दा अहिले जे छ, त्यसैमा खुसी हुन सिक्नुपर्छ । पछि एउटा न एउटा केही पार लागि हाल्छ नि । हेर्नुस, आफ्नो मनलाई कन्ट्रोलमा राख्न सक्नुपर्छ

'यदि कसैले थाङ्ने भिसामा विदेश घुमेका भन्छन् भने त्यो हामी विदेश घुमेको ईर्ष्याको पराकाष्ठा हो । जो हामी जसरी कहिल्यै विदेश जान सक्दैनन् । तिनीहरूको उक्त कुरालाई मतलब दिनु हुँदैन बुढा। एक कानले सुन्ने अर्को कानले उडाउने गर्दा राम्रो हुन्छ।'

(जेठाबा केहीबेर रोकिदै) 'अस्ति ट्रान्जिट भेटेको मान्छेको कुराले पनि मलाई चिन्ता बढाएको छ'

'सबै त्यही मान्छेको छोरा जस्तो कहा होलान् र ? हाम्रो छोरो रत्तिभर पनि आत्मकेन्द्रित छैन । अवश्य हाम्रो ख्याल राख्नेछ। हामीले उसलाई राम्रो संस्कार दिएका छौ, बुढा ।'

(जेठाबा टोलाउँदै) 'उसले वहाँ भर्खर आफ्नो गुँड बनाउँदै छ। बचेराहरू हुर्केन्जेल यता र उता दुवैतिर सम्हाल्न गारो होला नि ।'

'के भयो त! उनीहरूको संसार बेग्लै छ। हामी पनि उनीहरूलाई स्वतन्त्र खुल्ला आकाशमा छाड्न सक्नुपर्छ । गुँडबाट उडेर जाने बचेराहरूलाई सधैं माउले पनि त रूँगेर बस्दैन । हामी पनि केही समयका लागि त हो । हाम्रो शेखपछि आफ्नो सम्हाल्न आइहाल्छन् नि ।'

(जेठाबाले लामो सुस्केरा हाल्दै) 'बुढेसकालको हाम्रो सहारा आखिर उनीहरू नै यहाँ नभएपछि ।' 'हेर्नुस् बुढा, भविष्यको लागि अहिल्यै सम्झेर मन अमिलो बनाउनुभन्दा अहिले जे छ, त्यसैमा खुसी हुन सिक्नुपर्छ । पछि एउटा न एउटा केही पार लागि हाल्छ नि । हेर्नुस, आफ्नो मनलाई कन्ट्रोलमा राख्न सक्नुपर्छ । (हाँस्दै) कि छोरा बुहारी यहाँ भएनन् भनेर वृद्धाश्रमतिर जाने विचार छ र ?' (वृद्धाश्रम को कुरा सुनेर बुढाको झन मथिङ्गल हल्लिन्छ)

(जेठाबाले लामो सास तान्दै) 'अन्तिम उपाय भनेकै त्यही त होला नि एक्लै बस्नुभन्दा ।' 'तपाई जेसुकै भन्नु बुढा, म त यो आफ्नो सारा सृष्टि छाडेर जान्न कतै । आखिर यतिका सम्पति जोडेको केका लागि ? वृद्धाश्रम जानका लागि ?'

(जेठाबाले बीचमा कुरा काट्दै) 'के गर्ने त, हात गोडा चलुञ्जेल त ठीक होला । (एकछिन रोकिदै) तिऊरो, पाखुरो चल्दैन। मझेरीमा फल्दैन भने भैं पछि क्यै गरी बिरामी भएको बेला के गर्ने? हात,पाखुरा चल्न छाडे पछि के गर्ने अनि भोलि हामी दुई मध्ये कुनै एक तलमाथि भए के हालत होला सोच्दा पनि कहाली लाग्छ मलाई त ।'

'हेर्नुस् बुढा, समय यस्तो चिज हो, जुन चलायमान छ। जसले बिस्तारै सबै कुराहरू ठीक ठाउँमा ल्याइदिन्छ। हामी समय भन्दा पहिल्यै आत्तिएर केही अर्थ रहँदैन र अर्को कुरा अविरल यो जिन्दगीमा, घर भित्रका हुन् वा घर बाहिरका कतिपय कुराहरूमा एडजस्ट गर्न पनि सक्नु पर्दछ भनेर तपाईंले नै सिकाएको कुरा हैन र? मलाई त यी सब कुराहरूमा केही चिन्ता हुँदैन।'

'बाकी सबै त ठिकै हो तर अल्लि' (बिचमा कुरा रोक्दै)'

'के तर अल्लि बुढा'?'

'भैगो छाड यी कुरा, भित्र फोनको घण्टी बजिरहेको छ। कसको रहेछ ?'

जेठीआमा भित्र दुगुर्छिन्। जेठीआमाले फोन उठाउँदै हेल्लो भनिन् । विदेशबाट छोराले फोन गरेको रैछ ।

'आमा ! ढोग ।'

'ल आशीर्वाद छ बाबु अनि सबैजना सञ्चै छौं ।'

'सबैलाई सञ्चै छ अनि बा खै त आमा।'

'यतै बाहिरतिर हुनुहुन्छ।' 'बा'लाई आजकल के भएको छ र आमा ? खासै बोल्न खोज्नु हुन्न।'

'तेरा बा'लाई बुढेसकालको मनोचिन्ते रोग लागेको छ बाबु ।'

(यतिकैमा फोनको लाइन काटिन्छ) *अनलाईनखबरबाट*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा

## लहानको ...

नसक्दा नहरको यस्तो दुर्दशा भएको दुखेसो पोख्नु भयो। सडक, कृषि , शिक्षा र स्वास्थ्य तथा प्रविधिक्षेत्रमा फड्को मर्न सफल नगरपालिकाले ढिलो भए पनि नहरको स्तरोन्नति कार्यलाई प्राथमिकतामा राख्दै समृद्धिकोपथ तर्फ अफ्र अग्रसर भएको बताउनु भयो।

नहर निर्माण भए पछि नगरपालिका क्षेत्रमा अवस्थित दक्षिण भेगका किसानहरू सिंचाई र आर्थिक रूपले लाभान्वित हुने र निर्माण भइरहेको ४ फिटको नहर संगसंगै ५० सेमी. मिटरको नाला पनि पुर्व पट्टि बाट निर्माण गरिने र त्यो नालालाई नहरमा नगाभी अर्को नाला संग जोडी त्यसमा बग्ने पानि लाई व्यवस्थापन गर्ने र नहरमा फोहर रहित पानि बग्ने व्यवस्थापनका साथै लहानवासीका लागि मोर्निंगवाक , इभनिंगवाक संगै नहरको माथि विभिन्न ठाउंहरूमा २० देखि ३० जना सम्म बसेर भलाकुसारी गर्न सक्ने गरि फलामे स्टेनको समेत व्यवस्थापन गर्ने योजना रहेको नगरप्रमुख साहले प्रष्ट्याउनु भयो। पहिलो चरणमा ७, ६ र १० मा रहेको यस नहरको स्तरोन्नति पश्चात अन्य वडामा जिर्ण अवस्थामा रहेका नहरलाई पनि उकास्ने कार्य अगाडी बढाउने योजना पनि रहेको बताउनु भयो। त्यस्तै दोस्रो चरणमा नहरको सोन्दर्यकरण गर्ने क्रममा पुर्व तर्फ बाट ३ मिटरको फिच वाकिंग रोड़ र पश्चिम तर्फ बाट ३० फिटको पिच रोड़ सहित विभिन्न आकर्षक फूलका बोटविरूवा लगाइने समेत जानकारी गराउनु भयो।

लहान नगरपालिका वडा न ६ का वडा अध्यक्ष अरूण केसीको अध्यक्षता तथा नगरप्रमुख मुनि साहको प्रमुख आतिथ्यता र लहान ७ का वडा अध्यक्ष राकेश रोशन गुप्ता ,लहान १० का वडा अध्यक्ष मनटि मण्डलको अतिथ्यता सम्पन्न उक्त कार्यक्रममा कार्यपालिका सदस्य ,संचारकर्मी , कर्मचारी ,वडा सदस्य, साह बिपी जेभी लहानका कर्मचारी लगायतको उपस्तिथी रहेको थियो। नगरपालिकाले नहरको स्तरोन्नति कार्य योजना २०७८ कार्तिक १२ गते सम्म सम्पन्नका लागि निर्माण व्यवसायी साह बिपी जेभी लहान ७ संग भ्याट र पिसी सहित २ करोड ८० लाख ९१ हजार २१४ रूपैया ५१ पैसामा सम्फौता गरेको सुचना पाटीमा उल्लेख गरिएको छ।कार्यक्रममा स्वागत मन्तव्य वडा अध्यक्ष मण्डलले राख्नु भएको थियो ,भने कार्यक्रम संचालन नगरपालिकाका कर्मचारी लखनलाल साहले गरेका थिए।


## वन अतिक्रमण नियन्त्रण सम्बन्धमा डिभिजन वन कार्यालय, सिरहा, लहानको अपिल

पूर्ण वा आंशिक रुपमा रुखहरुले ढाकिएको तथा वनले घेरिएको वा वनको छेउछाँउमा रहेको पर्ति वा ऐलानी जग्गा तथा वन भित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेत वन क्षेत्रको परिभाषा भित्र पर्दछ । वन क्षेत्रको जग्गा अवैध रुपमा खनजोत गर्नु तथा त्यसमा घर छाप्रो बनाउने कार्य वन अतिक्रमण हो ।

**वन अतित्रमण जघन्य वन अपराध हो । वन अतिक्रमण भित्र निम्न क्रियाकलापहरु पर्छन ।**

१. वन क्षेत्रको जग्गा आवाद गर्नको लागि फडानी गर्ने, खन्ने/ जोत्ने कार्य गर्ने ।
२. वन क्षेत्र ओगट्ने हिसाबले वनको जग्गामा साँध सिमाना लगाउने, बारबेर गर्ने ।
३. वन क्षेत्रमा आवद गरी अन्न वा कृषी बाली लगाउने ।
५. अनाधिकृत रुमा वन क्षेत्रमा टावर, विद्युतगृह, मठ मन्दिर, गुम्बा, चिहान वा मसानघाट, निजी तथा सामुदायिक भवन तथा विद्यालयहरु निर्माण गर्ने ।

वन क्षेत्र भित्र यस्ता क्रियाकलापहरु गर्ने गराउनेलाई वन ऐन, २०७६ को दफा ५० को उपदफा (३) बमोजिम दफा ४९ को खण्ड (ख) अन्तर्गतको कसुर गर्नेलाई पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गरी त्यस्तो जग्गा राष्ट्रिय वनमा समावेश गरी सो जग्गामा बनाइएको घर वा छाप्रो र प्रयोग भएका मेसिनरी औजार, साधन समेत जफत हुनेछ । त्यस्तो कसुर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए निजलाई सो वापत हुने सजाय समेत हुनेछ ।

**वन अपराधमा दण्डीत हुनबाट बचौं। वन अतिक्रमण हुन नदिन आ- आफनो क्षेत्रबाट त्यस्ता क्रियाकलापमा संलग्न हुनेलाई दुरुत्साहित गरौं।**

**डिभिजन वन कार्यालय, सिरहा, लहान**



## धनगढीमाई नगरपालिका
## Dhangadhimai Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive

धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal

## कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना ।

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७७।१०।०१ गते)**

धनगढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत सञ्चालनमा रहेको नयनपुर अस्पताल, प्राकृतिक/आयुर्वेदिक अस्पताल र आधारभूत स्वास्थ्य संस्थाहरुमा कार्य गर्न स्वास्थ्यकर्मी लगायतका जनशक्तिको आवश्यकता रहेकोले देहायको पद र संख्यामा सेवा करारमा पद-पूर्ति गर्नुपर्ने भएकले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिए बमोजिम नेपाली नागरिकताको प्रमाण-पत्र र शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि तथा नगरपालिकामा राजश्व दाखिला सक्कल रसिदको प्रति संलग्न राखी दरखास्त फाराम पेश गर्नुहुन अनुरोध गरिन्छ।

**तपसिल:**

| क्र.सं. | पद | शैक्षिक योग्यता | आश्यक संख्या |
|---|---|---|---|
| १. | स्टाफ नर्स | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह PCL Nursing (Staff Nurse) उतिर्ण गरेको। | ३ जना |
| २ | हे.अ. | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह (Health Assistant) उतिर्ण गरेको। | ३ जना |
| ३ | रेडियो ग्राफर | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह (Radiography) उतिर्ण गरेको। | १ जना |
| ४ | कविराज | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह (कविराज/आयुर्वेदिक) कोर्ष उतिर्ण गरेको। | १ जना |
| ५ | ल्याब टेक्निसियन | मान्यता प्राप्त शैक्षिक संस्थाबाट Medical Laboratory Technician कोर्ष उतिर्ण गरेको। | १ जना |
| ६ | अ.न.मी. | मान्यता प्राप्त शैक्षिक संस्थाबाट ANM कोर्ष उतिर्ण गरेको। | ६ जना |
| ७ | अ.हे.ब. | मान्यता प्राप्त शैक्षिक संस्थाबाट AHW/CMA कोर्ष उतिर्ण गरेको। | ६ जना |
| ८ | बैध | मान्यता प्राप्त शैक्षिक संस्थाबाट बैध/आयुर्वेदिक कोर्ष उतिर्ण गरेको। | १ जना |
| ९ | एम्बुलेन्स चालक (ह.स.चा.) | साधारण लेख पढ जान्ने। | १ जना |
| १० | कार्यालय सहयोगी | साधारण लेख पढ जान्ने। | ७ जना |
| ११ | स्वीपर | साधारण लेख पढ जान्ने। | १ जना |

**द्रष्टव्य:**

**१. दरखास्त बुझाउने अन्तिम मिति:** सूचना प्रकाशित मिति देखि १५ औं दिन कार्यालय समयभित्र (अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट), म्याद नाघी आएको आवेदन मान्य हुनेछैन।
**२. दरखास्त शूल्क:** स्टाफ नर्स, हेल्थ असिस्टेन्ट, रेडियो ग्राफर, कविराज, ल्याब टेक्निसियन पदको लागि रु.८००।-, अ.न.मी., अ.हे.ब. र बैध पदको लागि रु.६००।-, एम्बुलेन्स चालक (ह.स.चा.) पदको लागि रु.५००।- र कार्यालय सहयोगी/स्वीपर पदका लागि रु.४००।- मात्र।
**३. परीक्षाको किसिम:** (क) स्टाफ नर्स, हेल्थ असिस्टेन्ट, रेडियो ग्राफर, कविराज, ल्याब टेक्निसियन, अ.न.मी., अ.हे.ब. र बैध पदको लागि लिखित, मौखिक परीक्षा र अन्य पक्षको मूल्याङ्कन द्वारा छनौट गरिने छ। (ख) एम्बुलेन्स चालक पदको लागि सिप परीक्षण, अन्तर्वाता र अन्य पक्षको मूल्याङ्कनबाट छनौट गरिने छ। (ग) कार्यालय सहयोगी र स्वीपर पदका लागि अन्तर्वाता र अन्य पक्षको मूल्याङ्कनबाट छनौट गरिने छ।
**४. उमेर हद:** ह.स.चा., का.स. र स्वीपरको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र अन्य पदको हकमा सम्बन्धित पदको लागि लोकसेवा आयोगले तोके बमोजिमको हद।
**४. परीक्षा मिति:** दरखास्त बुझाउने अन्तिम मितिको भोलि पल्ट जानकारी गराईनेछ।
**५. दरखास्त फारम:** यस कार्यालयको website http://www.dhangadhimaimun.gov.np बाट Download गर्नुहुन।
**६. आवेदन बुझाउने स्थान:** धनगढीमाई नगरकार्यपालिकाको कार्यालय, प्रशासन शाखा।
**७. थप जानकारीको लागि:** कार्यालय समयभित्र यस कार्यालयमा वा कार्यालयको टेलिफोन नं. ०३३-५४५२७१, ९८४२८३९१०९, ९८०२३१९२५१ मा सम्पर्क गर्न सकिनेछ।

**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

*नोट :- "पेश गरिने सबै कागजातहरुको प्रतिलिपीहरुको पछाडिपट्टी उम्मेदवार स्वंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।"*



## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो भ्होलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा







लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)